माथागढी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय झडेवा, पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

बैठक संख्या : ०८२/०८३/१७

आज मिति २०८३/०२/०६ गते बुधबारका दिन यस माथागढी गाउँपालिकाका अध्यक्ष श्री यम बहादुर चिदी ज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्ताव माथि छलफल गरी निर्णय लिनका लागि गाउँ कार्यपालिकाको बैठक बसियो ।

समय : बिहान :८.०० बजे ।

स्थान : गाउँ कार्यपालिका भवन, झडेवा, पाल्पा ।

उपस्थिति :

| सि.न. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री यम बहादुर चिदी | अध्यक्ष | |
| २. | श्री विष्णु माया लुङ्चे | उपाध्यक्ष | |
| ३ | श्री राजकुमार पन्थी | सदस्य | |
| ४. | श्री बोम बहादुर ठाडा | सदस्य | |
| ५. | श्री तेज बहादुर घर्ति मगर | सदस्य | |
| ६ | श्री शंकर दर्लामी | सदस्य | |
| ७. | श्री गणेशमान गाहा | सदस्य | |
| ८. | श्री युव बहादुर ठाडा मगर | सदस्य | |
| ९. | श्री जंग बहादुर दर्लामी | सदस्य | |
| १०. | श्री दिल बहादुर ढेगा | सदस्य | |
| ११. | श्री तुलसा न्यौपाने | सदस्य | |
| १२. | श्री मगली कुमाल | सदस्य | |
| १३. | श्री रुकुमी सुनारी | सदस्य | |
| १४. | श्री लिला सरा चिदी | सदस्य | |
| १५. | श्री पुर्ण बहादुर सुनार | सदस्य | |
| १६. | श्री भिम कुमारी परियार | सदस्य | |
| १७. | श्री सुन्दर प्रसाद श्रेष्ठ | सचिव | |
| | आमन्त्रितः | | |
| १८. | श्री जित कुमारी ढेगा | सि.पु.अ. | |
| १९. | | | |
| | | | |
| | | | |

# कार्यपालिकाको सत्रौं बैठकको प्रस्ताव तथा निर्णयहरुः-

मिति २०८३/०२/०६

प्रस्तावहरुः-

१. अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा,
२. अख्तियारी प्रदान सम्बन्धमा,
३. आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा,
४. गाउँ सभाको १९ औं अधिवेशन आह्वान सम्बन्धमा,
५. विपद् राहत सामग्री खरिद सम्बन्धमा,
६. आ.व. २०८१/०८२ को म.ले.प. प्रतिवेदन सम्बन्धमा,
७. १५ शैयाको अस्पताल सञ्चालन सम्बन्धमा,
८. विषयगत समितिको बैठक सम्बन्धमा,
९. लाभग्राही छनौट सिफारिस समिति सम्बन्धमा,
१०. बाल भेलाको खर्च सम्बन्धमा,
११.आरन व्यवस्थापन सम्बन्धमा,
१२.आर्थिक सहयोग सम्बन्धमा।
१३.योजनाको म्याद थप सम्बन्धमा।

निर्णयहरुः-

१. कार्यपालिकाको यस अघिको वैठकबाट गरिएका निर्णय कार्यान्वयनको समिक्षा गरियो। धेरैजसो निर्णय कार्यान्वयन भएको पाईयो। कार्यान्वयन हुन बाँकी निर्णयलाई शिघ्र कार्यान्वयन गर्ने गराउने सर्वसम्मतिले निर्णय गरियो।

२. सर्वोच्च अदालतबाट मिति २०८२/०९/२९ मा जारी भएको निवेदक नविन पौड्यल समेत र रप्रत्यर्थी यस माथागढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय झडेवा पाल्पा भएको मुद्दा नं. ०८२-WO-०२४४ को परमादेश समेतको मुद्दाको लिखित जवाफ पेश गरी यस गाउँपालिकाको पक्षमा सम्पूर्ण कार्य गर्नका लागि यस गाउँपालिकाका कानुनी सल्लाहकार अधिवक्ता श्री नारायण प्रसाद ज्ञवालीलाई अख्तियारी प्रदान गर्ने सर्वसम्मतिले निर्णय गरियो।

३. माथागढी गाउँपालिकाको आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम तयार गर्न गाउँपालिकामा रहेको विषयगत समितिहरुको बैठक वसी सम्बन्धित विषयको वार्षिक नीति तथा कार्यक्रम तयार गरी मिति २०८३/०२/१८ सम्म पेश गर्ने गराउने सर्वसम्मतिले निर्णय गरियो। साथै वार्षिक नीति तथा कार्यक्रमका लागि राय सुझाव मिति २०८३/०२/१८ सम्म पेश गर्न ग्राउँपालिका भित्रका सबै संघ संस्था, विद्यालय, शिक्षाप्रेमी, समाजसेवी, बुद्धिजिवी

लगायत सरोकारवालाहरुलाई वेवसाईटमा सार्वजनिक सुचना सम्प्रेषण गर्ने सर्वसम्मतिले निर्णय गरियो।

४. माथागढी गाउँपालिका गाउँ सभाको १९ औ अधिवेशनको पहिलो बैठक मिति २०८३/०२/२९ गते आह्वान गर्ने र सो दिन आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो।

५. माथागढी गाउँपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिले विपद्का सामग्री खरिद गर्नका लागि निर्णय गरी सिफारिस गरे बमोजिम देहाय बमोजिम विपद् राहात जन्य सामग्री विपद् राहात कोषबाट खरिद गर्ने सर्वसम्मतिले निर्णय गरियो।

तपसिल

| क्र.सं | विवरण | रकम/परिमाण | कैफियत |
|---|---|---|---|
| १ | तारजाली | ५ लाख | |
| २ | जस्तापाता | २ लाख | |
| ३ | त्रिपाल | ५० थान | |
| ४ | स्ट्रेचर | १६ वटा | |
| ५ | सर्प उद्धार सामग्री | ३ सेट | |

६. माथागढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको आ.व.२०८१/०८२ को म.ले.प. प्रतिवेदन तथा बेरुजु सम्बनधमा सम्क्षिप्त जानकारी बैठकमा गराइयो। नियमित गर्नु पर्ने बेरुजुका सम्वन्धमा आवश्यक तयारीका साथ लेखा समितिको बैठकमा छलफल गरी पेश गर्ने गराउने सर्वसम्मतिले निर्णय गरियो।

७. माथागढी गाउँपालिकाको १५ शैया अस्पताल सञ्चालन गर्न स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयमा अनुदान माग गरी पठाउने सर्वसम्मतिले निर्णय गरियो।

८. माथागढी गाउँपालिकामा रहेका सवै विषयगत समितिहरुको बैठक बसी आ.व.२०८३/०८४ का लागि सम्वन्धित विषयमा नीति तथा कार्यक्रम तयार गरी २०८३ जेठ २० गते सम्म पेश गर्ने/गराउने सर्वसम्मतिले निर्णय गरियो।

९. लुम्बिनी प्रदेश सरकार विषेश अनुदान तथा गाउँपालिकाको वार्षिक कार्यक्रम अनुसार मिनि टिलर ५० प्रतिशत अनुदानमा वितरण गर्न लाभग्राही छनौट गर्न देहाय बमोजिम छनौट सिफारिस समिति गठन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

तपसिल

| | | |
|---|---|---|
| १.संयोजक | गा.पा. उपाध्यक्ष | श्री विष्णुमाया लुङ्चे |
| २.सदस्य | आर्थिक विकास समिति संयोजक | श्री तेज बहुदर घर्ति मगर |

३/६/४६१

३.सदस्य सचिव   कृषि शाखा                    श्री शशि कपुर विष्ट

१०.माथागढी गाउँपालिकाको आठै वटा वडामा बालमैत्री स्थानीय शासन कार्यक्रमको शिलशिलामा बालभेला गर्नुपर्ने भएकोले उक्त बालभेलाको खाजा तथा स्टेसनरी खर्च विविध खर्चबाट भुक्तानी गर्ने सर्वसम्मतिले निर्णय गरियो।

११.आ.व.२०८२/०८३ को वार्षिक कार्यक्रममा आरन व्यवस्थापन शिर्षकमा विनियोजित रकमबाट आरनको सामग्री खरिद गरी वितरण गर्ने र सोको लागि प्रत्येक वडाबाट आरन व्यवसायीहरुको सामग्री मागको विवरण सहित गाउँपालिकाको कार्यालयमा २०८३ जेठ १४ गते सम्म पठाउने सर्वसम्मतिले निर्णय गरियो।

१२. आर्थिक सहयोगका लागि वडाबाट सिफारिस भई आएका आर्थिक रुपले विपन्न देहायका व्यक्तिहरुलाई देहाय बमोजिम आर्थिक सहयोग उपलब्ध गराउने सर्वसम्मतिले निर्णय गरियो।

तपसिल

| क्र.सं. | नाम थर | ठेगाना | विवरण | सहयोग रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | दुर्ग बहादुर पहारी | माथागढी-१ | प्यारालाइसिल | ५०००/- | |
| २ | विष्णु कुमारी सार्की | माथागढी-१ | शरिरको दायाँ बायाँ भाग नचल्ने | ५०००/- | |
| ३ | जुना नेपाली | माथागढी-१ | मृगी रोग | १००००/- | |
| ४ | सरोज कुमार रसाली | माथागढी-३ | पक्षघात | ५०००/- | |
| ५ | मनिष बमरेल | माथागढी-३ | मुटु रोग | ५०००/- | |
| ६ | दुर्गाजङ्ग भट्टराई | माथागढी-३ | मुटु रोग, डिप्रेसन | १००००/- | |
| ७ | श्याम कुमारी सारु | माथागढी-१ | रुखबाट खसेर घाइते भएको | ५०००/- | |
| ८ | प्रविन सारु | माथागढी-१ | मुटु रोग | १००००/- | |
| ९ | कुशल परियार | माथागढी-१ | लामो समय बिरामी | ५०००/- | |

१३.यस गाउँपालिका अन्तर्गतका देहायका ठेक्का प्रकृयाबाट कार्यान्वयन गरिने निर्माणका योजनाहरु निर्माण सामग्रीको अभाव, मुल्य बृद्धि, पेट्रोलियम पदार्थको मुल्य बृद्धि आदि कारणले समयमा सम्पन्न गर्न नसकिएको र म्याद थप गर्न निर्माण कम्पनीबाट माग भई आएको हुनाले म्याद थप गर्न मनासिव देखि सर्वसम्मतिले देहाय बमोजिम म्याद थप गर्ने निर्णय गरियो।

| क्र.सं. | योजनाको नाम | पहिलेको म्याद | थप गरिएको म्याद | कैफयत |
|---|---|---|---|---|

३/६/४६१
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| १ | गाउँघर क्लिनिक व्यवस्थापन तथा पुर्वाधार निर्माण माथागढी-६ पाल्पा | २०८२/१०/२५ | २०८३/०२/३० | |
| २ | ग्रामोदय मा.वि. घेराबार | २०८२/१०/२४ | २०८३/०२/३० | |
| ३ | चित्रुङ्गदी मो.बा. | २०८२/१०/२४ | २०८३/०२/३० | |
| ४ | सराई एक्लेबर मो.बा. | २०८३/०१/२३ | २०८३/०३/१५ | |
| ५ | माथा मन्दिर र हात्तिलुङ्ग मो.बा. | २०८३/०१/३० | २०८३/०३/१५ | |

बैठक संख्या : ०८२/०८३/१८

आज मिति २०८३/०२/१९ गते मंगलबारका दिन यस माथागढी गाउँपालिकाका अध्यक्ष श्री यम बहादुर चिदी ज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्ताव माथि छलफल गरी निर्णय लिनका लागि गाउँ कार्यपालिकाको बैठक बसियो ।

समय : बिहान :८.०० बजे ।

स्थान : गाउँ कार्यपालिका भवन, झडेवा, पाल्पा ।

उपस्थिति :

| सि.न. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री यम बहादुर चिदी | अध्यक्ष | |
| २. | श्री विष्णु माया लुङ्गचे | उपाध्यक्ष | |
| ३ | श्री राजकुमार पन्थी | सदस्य | |
| ४. | श्री बोम बहादुर ठाडा | सदस्य | |
| ५. | श्री तेज बहादुर घर्ति मगर | सदस्य | |
| ६ | श्री शंकर दर्लामी | सदस्य | |
| ७. | श्री गणेशमान गाहा | सदस्य | |
| ८. | श्री युव बहादुर ठाडा मगर | सदस्य | |
| ९. | श्री जंग बहादुर दर्लामी | सदस्य | |
| १०. | श्री दिल बहादुर ढेगा | सदस्य | |
| ११. | श्री तुलसा न्यौपाने | सदस्य | |
| १२. | श्री मगली कुमाल | सदस्य | Mangali |
| १३. | श्री रुकुमी सुनारी | सदस्य | |
| १४. | श्री लिला सरा चिदी | सदस्य | |
| १५. | श्री पुर्ण बहादुर सुनार | सदस्य | |
| १६. | श्री भिम कुमारी परियार | सदस्य | |
| १७. | श्री सुन्दर प्रसाद श्रेष्ठ | सचिव | |
| | आमन्त्रितः | | |
| १८. | श्री जित कुमारी ढेगा | स.प्र.अ. | |
| १९. | | | |
| | | | |
| | | | |

अध्यक्ष

# कार्यपालिकाको अठारौं बैठकको प्रस्ताव तथा निर्णयहरुः-

मिति २०८३/०२/१८

प्रस्तावहरुः-

१. अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा,
२. आ.व.२०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा,
३. आ.व.२०८३/०८४ को वडागत बजेट सिलिङ्ग सम्बन्धमा,
४. लागत साझेदारी सम्बन्धमा,
५. आर्थिक सहयोग सम्बन्धमा,
६. धन्यवाद ज्ञापन सम्बन्धमा,
७. बक्स कल्भर्ट निर्माण सम्बन्धमा,

निर्णयहरुः-

१. कार्यपालिकाको यस अघिको बैठकबाट गरिएका निर्णय कार्यान्वयनको समिक्षा गरियो। धेरैजसो निर्णय कार्यान्वयन भएको पाईयो। कार्यान्वयन हुन बाँकी निर्णयलाई शिघ्र कार्यान्वयन गर्ने गराउने सर्वसम्मतिले निर्णय गरियो।

२. आ.व.२०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम मस्यौदा तयार गर्न सबै विषयगत समितिका संयोजकसँग समन्वय गरी तयार गर्ने र सोको लागि देहाय बमोजिम नीति तथा कार्यक्रम मस्यौदा तयारी समिति गठन गर्ने सर्वसम्मतिले निर्णय गरियो। समितिले मस्यौदा तयार गरी आगामी मिति २०८३/०२/२७ गते कार्यपालिका बैठकमा पेश गर्ने/गराउने सर्वसम्मतिले निर्णय गरियो।

तपसिल

| | |
|---|---|
| संयोजक | प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य | शंकर दर्लामी (पूर्वाधार विकास समिति संयोजक) |
| सदस्य | प्रमोद भट्टराई (राजश्व शाखा प्रमुख) |

३. आगामी आ.व.२०८३/०८४ का लागि बजेट तथा कार्यक्रम वडागत रुपमा पेश गर्न देहाय बमोजिम वडा बजेट सिलिङ्ग निर्धारण गर्ने सर्वसम्मतिले निर्णय गरियो। बस्ति स्तरबाट छनौट भएका योजना तथा कार्यक्रमहरुलाई सबै विषयगत क्षेत्र समेटी मिति २०८३/०३/०१ गते भित्र गाउँपालिकामा पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो।

तपसिल

| क्र.सं. | वडा | बजेट सिलिङ्ग | कैफियत |
|---|---|---|---|
| १ | १ नं. वडा, चिदीपानी | ३५०००००/- | |
| २ | २ नं. वडा, रुप्से | २८०००००/- | |

अध्यक्ष

अध्यक्ष

| | | | |
|---|---|---|---|
| ३ | ३ नं. वडा, कसेनी | ३५०००००/- | |
| ४ | ४ नं. वडा, झडेवा | ३३०००००/- | |
| ५ | ५ नं. वडा, हात्तिलुङ्ग | २८०००००/- | |
| ६ | ६नं. वडा, गोठादी | ३००००००/- | |
| ७ | ७ नं. वडा, रहवास | २८०००००/- | |
| ८ | ८ नं. वडा, बहादुरपुर | २८०००००/- | |

४. मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र-नेपालको मिति २०८३/०२/१२ च.नं. ३४८ को पत्र बमोजिम संक्रमणकालिन न्यायका लागि मनोसामाजिक परामर्श र समुदायिक एकिकरण कार्यक्रम यस गाउँपालिकामा सञ्चालन गर्न अनुरोध भई आएको र कार्यक्रमको रुपरेखा र प्रस्तावित बजेट बमोजिम जम्मा रु.२४३०४७३/- मध्ये रु.२१५६६११/- उक्त परामर्श केन्द र रु.२७३८६२/- यस गाउँपालिकाबाट लागत साझेदारी गर्न प्रस्ताव भए अनुसार सो प्रस्ताव स्वीकार गरी बजेट साझेदारी तथा सहकार्य गर्न सहमत भएको सर्वसम्मतिले निर्णय गरी सम्बन्धित निकायलाई पठाउने निर्णय गरियो।

५. पाल्पा माथागढी रुपन्देही सम्पर्क समाज बुटवलको पत्र बमोजिम उक्त संस्थाको भित्ते पात्रोमा प्रकाशित सूचना वापत रु.१००००/- उपलब्ध गराउने सर्वसम्मतिले निर्णय गरियो।

६. यस गाउँपालिकाको कार्यालयमा मिति २०८२/०५/०५ गते देखि कार्यरत रहि आउनु भएका प्रमुख प्रशासकीय अधिकृत श्री सुन्दर प्रसाद श्रेष्ठ मिति २०८३/०२/२० देखि अनिवार्य अवकास हुने हुँदा निजले यस गाउँपालिकामा कार्यरत रहदा निस्वार्थ सेवाभाव राखि जनप्रतिनिधिहरुसँग अत्यन्त समन्वयात्मक ढंगले कार्यसम्पादन गर्नु भएको, कर्मचारीहरुको कुशल प्रशासनिक नेतृत्व गरी कार्यालयको कामलाई चुस्तदुरुस्त, सरल, छिटो छरितो रुपमा सेवाग्राहीमैत्री भई अत्यान्त इमानदार कर्तव्यनिष्ठ भई कार्यसम्पादन गर्नु भएको हुनाले उहाँलाई सेवा निवृत्त जीवन सुखद रहोस भन्ने कामना गर्दैं यो बैठकमा सर्वसम्मतिले धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो।

अध्यक्ष

७. माथागढी गाउँपालिका वडा नं. ३ भसकट्टा देखि लिहिन्दी जाने मो.बा.को भेल आएर कृषियोग्य जमिनमा क्षति पुऱ्याउने तथा स्तरोन्नती गरेको मो.बा.लाई क्षति पुऱ्याउने सम्भावना रहेकोले जोखिम न्यूनीकरणको लागि भसकट्टाको लिहिन्दी खोलामा बक्स कल्भर्ट निर्माण गर्न आवश्यक भएको हुँदा विपद व्यवस्थापन कोष शिर्षकबाट लागत अनुमान बमोजिम भुक्तानी गर्ने गरी अमानत प्रक्रियाबाट संचालन गर्न माथागढी वडा नं. ३ कसेनीमा कार्यरत सव-इन्जिनियर श्री सूर्य बहादुर भण्डारीलाई जिम्मेवारी दिने सर्वसम्मतीले निर्णय गरियो।

अध्यक्ष

बैठक संख्या : ०८२/०८३/१९

आज मिति २०८३/०२/२८ गते विहिबारका दिन यस माथागढी गाउँपालिकाका अध्यक्ष श्री यम बहादुर चिदी ज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्ताव माथि छलफल गरी निर्णय गर्नका लागि गाउँ कार्यपालिकाको बैठक बसियो ।

**समय : दिउँसो :१.०० बजे ।**

**स्थान : गाउँ कार्यपालिका भवन, झडेवा, पाल्पा ।**

**उपस्थिति :**

| सि.न. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री यम बहादुर चिदी | अध्यक्ष | |
| २. | श्री विष्णु माया लुङ्चे | उपाध्यक्ष | |
| ३ | श्री बोम बहादुर ठाडा | सदस्य | |
| ४. | श्री तेज बहादुर घर्ति मगर | सदस्य | |
| ५. | श्री शंकर दर्लामी | सदस्य | |
| ६ | श्री गणेशमान गाहा | सदस्य | |
| ७. | श्री युव बहादुर ठाडा मगर | सदस्य | |
| ८. | श्री जंग बहादुर दर्लामी | सदस्य | |
| ९. | श्री दिल बहादुर ढेगा | सदस्य | |
| १०. | श्री तुलसा न्यौपाने | सदस्य | |
| ११. | श्री मगली कुमाल | सदस्य | |
| १२. | श्री रुकुमी सुनारी | सदस्य | |
| १३. | श्री लिला सरा चिदी | सदस्य | |
| १४. | श्री पुर्ण बहादुर सुनार | सदस्य | |
| १५. | श्री भिम कुमारी परियार | सदस्य | |
| १६. | श्री ध्रुव दयाल | सचिव | |
| | आमन्त्रितः | | |
| १७. | श्री जित कुमारी ढेगा | स.प्र.अ. | |
| १८. | देवि सरा आले | वा. म. | |
| १९. | | | |
| २०. | | | |

# कार्यपालिकाको उन्नाइसौ बैठकको प्रस्ताव तथा निर्णयहरुः-

मिति २०८३/०२/२८

प्रस्तावहरुः-

१. अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा,

२. आ.व.२०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा,

३. विषयगत समिति संयोजक हेरफेर सम्बन्धमा,

४. वडा अध्यक्ष पद रिक्त सम्बन्धमा,

५. आर्थिक सहायता सम्बन्धमा,

६. विविध सम्बन्धमा।

निर्णयहरुः-

१. कार्यपालिकाको यस अघिको वैठकबाट गरिएका निर्णय कार्यान्वयनको समिक्षा गरियो। धेरैजसो निर्णय कार्यान्वयन भएको पाईयो। कार्यान्वयन हुन बाँकी निर्णयलाई शिघ्र कार्यान्वयन गर्ने गराउने सर्वसम्मतिले निर्णय गरियो।

२. आ.व.२०८३/०८४ को नीति तथा कार्यक्रम स्वीकृत गरी गाउँसभाको १९ औं अधिवेशनमा पेस गर्ने सर्वसम्मतिले निर्णय गरियो।

३. कार्यपालिका अन्तर्गतका विद्यमान विषयगत समितिका संयोजकमा देहाय अनुसार हेरफेर गरी संयोजकको जिम्मेवारी प्रदान गर्ने सर्वसम्मतिले निर्णय गरियो।

<u>तपसिल</u>

| | |
|---|---|
| आर्थिक विकास समिति संयोजक | -श्री तुल्सा न्यौपाने (का.पा.सदस्य) |
| सामाजिक विकास समिति संयोजक | -श्री तेज बहादुर घर्ती मगर (३ नं. वडा अध्यक्ष) |
| सुशासन तथा संस्थागत विकास समिति संयोजक | -श्री रुकुमी सुनारी (कार्यपालिका सदस्य) |

४. निर्वाचन आयोगको मिति २०८३/०२/२७ को सूचना बमोजिम यस माथागढी गाउँपालिका वडा नं. १ चिदीपानीको वडा अध्यक्ष पद स्वतः रिक्त भएकोमा १ नं. वडा समितिको निर्णयानुसार श्री डुकुल बहादुर गाहालाई कार्यवाहक वडा अध्यक्ष छनौट गरिएको जानकारी कार्यपालिका बैठकमा गराईयो।

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत